म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ | अङ्कः- २६६ | २०८१ भदौ ३ गते सोमबार 19 August 2024, Monday - | पृष्ठ ४ | मूल्य रू. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।
हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मयूरधाप औद्योगिक क्षेत्र घोषणाको ८ वर्ष, प्रगति शून्य

समाज संवाददाता

हेटौंडाः सातै प्रदेशमा एक/एक वटा औद्योगिक क्षेत्र निर्माण गर्ने योजनासहित २०७३ सालमा हेटौंडाको मयूरधाप औद्योगिक क्षेत्र घोषणा भयो । तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले उद्योगिक क्षेत्रको शिलान्याससमेत गरेका थिए ।

मयूरधाप औद्योगिक क्षेत्र घोषणाको ८ वर्षसम्म पनि प्रगति शून्य रहेको छ । हेटौंडा उपमहानगरपालिका-१४, स्थित मयूरधापमा शिलान्यास गरिएको उक्त औद्योगिक क्षेत्र अलपत्र अवस्थामा छ । मयूरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण अगाडि बढ्न सकेको छैन । वन क्षेत्रमा केही जग्गा पर्ने भएकाले औद्योगिक क्षेत्र निर्माणको काममा निकै जटिलता देखियो ।

क्षेत्रफलको आधारमा देशकै ठूलो हेटौंडा औद्योगिक क्षेत्रमा जग्गा अभाव र काठमाडौं उपत्यकाभित्रका औद्योगिक क्षेत्र भरिएका कारण सरकारले मयूरधाप औद्योगिक क्षेत्रको योजना अगाडि बढाएको थियो । तर, मयूरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणको काम अघि बढ्न सकेन ।

उद्योग मन्त्रालयले तयार गरेको उक्त योजना वन मन्त्रालयका गएर अड्कियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको योजनाअनुसार शिलान्यास गरिएको उक्त औद्योगिक क्षेत्र घोषणाको ८ वर्षसम्म पनि प्रगति शून्य रहेको हो ।

२०७३ वैशाख १४ गतेको मन्त्रिपरिषद् बैठकले क्षेत्रफल घटाएर मयूरधापको १३४.८६ हेक्टर (१९९.१२ बिगाह) क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने निर्णय गरेको थियो भने २०७५ कात्तिक ५ गतेदेखि परियोजना कार्यालय स्थापनासमेत गरिएको थियो । मयूरधाप औद्योगिक क्षेत्र २०७७ भित्रै सञ्चालन गर्ने योजना सरकारको थियो । तर, इआईए प्रक्रिया अगाडि बढ्न नसक्दा काम अघि बढ्न सकेको थिएन । सरकारले औद्योगिक क्षेत्र स्थापनाको योजना ल्याएसँगै मयूरधाप कालापानीमा औद्योगिक क्षेत्र परियोजना कार्यालयको स्थापनासँगै सञ्चालन र कर्मचारीको नाममा खर्च गरिरहेको थियो ।



*मयूरधाप औद्योगिक क्षेत्रको निरीक्षणको क्रममा मन्त्री भण्डारी लगायत*

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाकी प्रमुख इन्जिनियर संगीत कुँवरका अनुसार ईआइए स्वीकृत नहुँदा औद्योगिक क्षेत्रको पूर्वधार निर्माण कार्य अघि बढ्न सकेको छैन । वन मन्त्रालयमा ईआइएको फाइल स्वीकृतिका लागि पठाइएको उहाँले बताउनुभयो । उक्त प्रतिवेदन स्वीकृत भएर आएसँगै औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणको काम अघि बढाइने उहाँको भनाइ छ ।

औद्योगिक क्षेत्र परिसरमा ६२ वटा औद्योगिक प्लट छुट्याइएको छ । छुट्याइएको प्रत्येक प्लटमा ७ देखि १४ रोपनीसम्म जग्गालाई विभाजन गरिएको जनाइएको छ । औद्योगिक क्षेत्रमा सरकारको निर्णयअनुसार सुरक्षण मुद्रण विभागलाई २ सय ५० रोपनी जग्गा उपलब्ध गराउने भनिएको थियो तर, मुद्रण कम्पनी अन्यत्र राख्ने सरकारको तयारी रहेको छ ।

विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) अनुसार पूर्वाधार निर्माणका लागि करिब ७ अर्ब २ करोड ३४ लाख रुपैयाँ रकम लगानी हुनेछ । पुरानै डीपीआरले ७ अर्ब बढीको मूल्यांकन गरेता पनि लागत बढ्नसक्ने देखिन्छ । औद्योगिक क्षेत्रमा स्थापना हुने विभिन्न उद्योगबाट प्रत्यक्ष तथा अप्रत्यक्ष गरी करिब २० हजारले रोजगारीको अवसर प्राप्त गर्ने जनाइएको छ ।

मयूरधाप औद्योगिक क्षेत्रमा रङ, दुग्ध उत्पादन, साबुन, खाद्य, प्लास्टिक, स्टिल, रबर, तार, डिष्टिलरी, पाइप, काष्ठ सामान, कपडा, सिमेन्ट, इलेक्ट्रोमेकानिकल कार्यशाला, छाला उद्योगजस्ता उद्योग प्रस्ताव गरिएका छन् । उक्त औद्योगिक क्षेत्रमा पानी प्रशोधन, फोहोरमैला व्यवस्थापन तथा फोहोर पानी प्रशोधन केन्द्र स्थापनाको प्रस्ताव गरिएको थियो ।

## छिट्टै काम सुरु गर्ने तयारी छः मन्त्री भण्डारी

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदार भण्डारीले मयूरधाप औद्योगिक क्षेत्र निर्माणको काम शिघ्र सुरु गर्ने प्रयत्न भइरहेको बताउनुभयो । उद्योग मन्त्रालयबाट औद्योगिक क्षेत्रको ईआइए प्रतिवेदन स्वीकृतिका लागि वन मन्त्रालयमा पठाइएको र छिट्टै स्वीकृत हुने चरणमा रहेको उहाँले बताउनुभयो ।

पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका कारण मयूरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गर्न वन मन्त्रालयले अवरोध गरिरहेको उहाँको भनाइ छ । वन मन्त्रालयसँगको समन्वयनमा उक्त क्षेत्र कटाएर ईआइए स्वीकृतिको तयारी भइरहेको उहाँले बताउनुभयो ।

वन मन्त्रालयसँग समन्वय र प्रक्रिया पूरा गरी छिट्टै मयूरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य अघि बढाउने मन्त्री भण्डारीले बताउनुभयो । सरकार युवा पलायन रोक्न र आर्थिक उपार्जनमा नागरिकलाई जोड्ने गरी उद्योगमैत्री वातावरण निर्माणमा प्रयत्नरत रहेको उहाँले बताउनुभयो ।

मन्त्री भण्डारीका अनुसार सरकारले उद्योग स्थापनाको उपयुक्त वातावरण निर्माण तथा लगानी प्रोत्साहनमा व्यवसायीहरुलाई सहयोग गर्नेछ । केही ऐनहरुलाई समयानुकूल बनाउन संशोधन गर्ने र उद्योग स्थापना तथा सञ्चालनको वातावरण तयार गर्न सरकार गम्भीर ढंगबाट अघि बढेको उहाँको भनाइ छ ।

# आज जनैपूर्णिमा र रक्षाबन्धन मनाइँदै



समाज संवाददाता

हेटौंडाः श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने जनैपूर्णिमा तथा रक्षाबन्धन आज सोमबार मनाइँदै छ । जनैपूर्णिमाको अवसरमा हिन्दू धर्मावलम्बीहरुले बिहान सबेरै घरमा लिपपोत गरी शुद्ध गरेपछि कुनै प्रकारको रोगव्याधि नलागोस्, सधैं सुख र शान्ति होस् भन्ने कामनासहित ब्राह्मण पुरोहितद्वारा नाडीमा रक्षाबन्धन बाँधेर मनाउने गर्दछन् । रक्षाबन्धन बाँध्दा दैत्यराजा बलिको दानशील र सत्यनिष्ठा स्मरण गराउने मन्त्र वाचन गर्ने गरिन्छ ।

यसै दिन पुरानो जनै फालेर मन्त्रसाधना गरिएको नयाँ जनै लगाउने गरिन्छ । कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्र गरी सात जना ऋषि (सप्तऋषिलाई तर्पण दिने भएकाले यस दिनलाई ऋषितर्पणी पनि भन्ने गरिन्छ ।

विशेषगरी तराई क्षेत्रमा रक्षाबन्धनको महत्व बढी रहेको पाइन्छ । आजकै दिन दिदीबहिनीहरूले आफ्ना दाजुभाइलाई नाडीमा रक्षाबन्धन (राखी) बाँध्ने चलन छ । दिदीबहिनीले आफ्ना दाजुभाइका नाडीमा दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै स्नेहको प्रतीक राखी बाँधिदिने चलन छ । नेवार समुदायले भने यस पर्वलाई 'गुन्हु पुन्ही' को रुपमा मनाउने गर्दछन् । यस दिन मास, भटमास, मुङ, ठूलो केराउ, सानो केराउ, चना, सिमी, गुराँस र बोडी गरी नौ प्रकारका गेडागुडी मिसाई पकाइएको क्वाँटी खाने चलन छ ।

जनै पूर्णिमाकै दिन रसुवाको गोसाइँकुण्ड र पार्वतीकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, बागलुङको ढोरपाटन, रामेछापको जटापोखरी र पाँचपोखरी, भक्तपुरको विसंतकी, म्याग्दीको रिखार, नवलपरासीको त्रिवेणी, दैलेखको महाबु, बाजुराको बडीमालिका, मुगुको छायाँनाथलगायत स्थानमा मेला लाग्ने गर्दछ ।






# बागमतीको बालश्रम दर ८.९ प्रतिशत

समाज संवाददाता

हेटौंडाः नेपालमा विभिन्न प्रकृतिका बालश्रम विद्यमान रहेको छ । नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका बालश्रममा रहेका छन् ।

नेपालको कुल जनसंख्यामध्ये बालबालिकाको संख्या ७० लाख रहेको छ। जसमध्ये ५ देखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका बालश्रममा रहेका हुन् । तथ्यांकअनुसार नेपालमा बालश्रमको अवस्था घट्दो क्रममा रहेको छ। सन् २००८ मा नेपालमा बालश्रमिकको संख्या १६ लाख रहेको थियो भने हाल ११ लाखमा झरेको तथ्यांक रहेको छ ।

११ लाख बाल श्रमिकमध्ये ५ देखि १३ वर्ष उमेर समूहका १८ प्रतिशत र १४ देखि १७ वर्ष उमेर समूहका १० प्रतिशत रहेको छ । करिब २ लाख (३.२ प्रतिशत) बालबालिका जोखिमपूर्ण काममा रहेका छन् भने ७४ प्रतिशत बालबालिका अनौपचारिक क्षेत्रमा कार्यरत रहेका छन् ।

बागमती प्रदेशमा बालश्रम दर ८.९ प्रतिशत रहेको छ। ७ प्रदेशमध्ये बागमती प्रदेशमा बालश्रमको दर सबैभन्दा कम हो । नेपाल बालश्रम प्रतिवेदन २०२१ का अनुसार सबैभन्दा बढी बलाश्रम दर कर्णाली प्रदेशमा रहेको छ । कर्णालीमा बालश्रम दर सबैभन्दा उच्च २४.६ प्रतिशत रहेको छ। सुदूरपश्चिम प्रदशेमा २०.९ प्रतिशत, कोशीमा १७.१ प्रतिशत, गण्डकीमा १६.१ प्रतिशत, लुम्बिनीमा १५.८ प्रतिशत र मधेशमा ११.५ प्रतिशत बालश्रम दर रहेको छ ।

बागमती प्रदेशमा बालश्रम दर पुरुषको तुलनामा महिलाको संख्या बढी रहेको छ। बागमतीमा पुरुष बालश्रमिकको संख्या ८.६ प्रतिशत र महिलाको संख्या ९.३ प्रतिशत रहेको हो। बागमती प्रदेशमा ५ देखि १३ वर्षको बालश्रमिकको संख्या ९.८ प्रतिशत र १३ देखि १७ वर्ष उमेर समूहका बालश्रमिकको संख्या ७.५ प्रतिशत रहेको छ ।

पढाइ छाड्ने तथा विद्यालय बाहिर रहँदा बालश्रम दर बढिरहेको छ। कमजोर पारिवारिक आर्थिक अवस्था, अभिभावकको कुलत, परिवारमा हुने घरेलु तथा लैंगिक हिंसा, पारिवारिक विखण्डन, बालबालिकाको सामाजिक र मानस्कि स्वास्थ्य अवस्थाका कारण बालबालिकाहरु बालश्रममा संलग्न हुने गरेको देखिन्छ ।

उक्त कारणहरुले बालश्रमका आधारभूत प्रणालीगत मुद्धा बढाइरहेको छ। बालश्रमका कारण बालबालिकाहरुमा दुर्व्यवहार र शोषणको बढ्दो जोखिम रहेको छ। औपचारिक मध्यस्तकर्ता छिमेकी, दाजुभाइ, आफन्त तथा दिदीको निगरानी अभावका कारण बालश्रम बढिरहेको देखिन्छ।

# हेटौंडा-७ बालमैत्री शासनयुक्त वडा घोषणा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर-७ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । शनिबार एक समारोहका बीच हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामाले वडालाई बालमैत्री शासनयुक्त वडा घोषणा गर्नुभएको हो ।

वडा-७ का वडाध्यक्ष तथा बालमैत्री वडा घोषणा मुल समारोह समितिका संयोजक दामोदर दहालको सभाध्यक्षमा तथा नगर प्रमुख लामाको प्रमुख आतिथ्यमा बालमैत्री वडा घोषणा कार्यक्रम भएको छ। वडालाई बालमैत्री वडा घोषणा गर्नका लागि आवश्यक ५१ सूचकमध्ये ४६ वटा सूचक पूरा गरेर बालमैत्री वडा घोषणा गरिएको छ ।

हेटौंडा उपमहानगरपालिकाको ८ नम्बर वडा पहिलो र २ नम्बर वडा दोस्रो वडाको रुपमा बालमैत्री वडा घोषणा भइसकेको छ । आउँदो भदौ ७ गते हेटौंडा-१७ लाई बालमैत्री शासनयुक्त वडा घोषणा गरिनेछ। हेटौंडा-७ मा करिब १ हजार ९ सय बालबालिका रहेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै हेटौंडा उपमहानगरपालिका प्रवक्ता एव्म १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी भन्ने नारालाई सार्थक बनाएर तेस्रो वडाको रुपमा बालमैत्री वडा घोषण गर्न सफल भएको बताउनुभएको छ । उपमहानगरपालिकाका सबै मानिसहरुले बालबालिकामाथि गरेको शोषणका कारण पढ्ने उमेरमा होटलजस्ता ठाउँहरुमा काम गराएको कारणले उनीहरुको भविष्यमा परेको नकारात्मक प्रभावलाई बुझ्न आवश्यक रहेको प्रवक्ता न्यौपानेले औंल्याउनुभयो ।

हरेक वडामा वडास्तरीय बाल सञ्जाल समिति गठन गरेर उनीहरुको विकासका लागि काम गर्नुपर्ने प्रष्ट पार्नुभयो । उपमहानगरपालिकाका हरेक वडालाई बालमैत्री वडा घोषणा गर्नका लागि नगर प्रमुख र उपप्रमुखले प्रतिनिधित्व गरेको उहाँको भनाइ छ। हेटौंडा-७ बालमैत्री शासनयुक्त वडा घोषणा भएकाले वडामा बालबालिकालाई दवाव दिन नपाइने र विभिन्न विद्यालयका शिक्षकहरुले उनीहरुलाई अभद्र व्यवहार गर्न नपाउने दावी उहाँले गर्नुभयो ।

# एक महिनामा ३२ जना हिंसा पीडितले लिए सेवा

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) बाट एक महिनाको अवधिमा ३२ जना हिंसा पीडितले सेवा लिएका छन्। चालु आर्थिक वर्ष २०८१/०८२ को साउन महिनामा एकद्वार संकट व्यवस्थापन केन्द्रले ३२ जना हिंसा पीडितलाई सेवा प्रदान गरेको हो ।

केन्द्रको तथ्याङ्कअनुसार साउन महिनामा ३० जना महिला र २ जना पुरुषले लैङ्गिक हिंसासम्बन्धी सेवा पाएका छन्। केन्द्रबाट जबरजस्ती करणी पीडित १२ जनाले सेवा लिएका छन् । यौनजन्य र शारीरिक हिंसासम्बन्धी २-२ जना, घरेलु हिंसासम्बन्धी १० जना र अन्य हिंसासम्बन्धी ६ जनाले केन्द्रबाट सेवा लिएको ओसीएमसीले जनाएको छ ।

मकवानपुरका गाउँपालिकाहरुबाट १६ जना, नगरपालिकाहरुबाट १५ जना र अन्यत्रबाट एक जनाले सेवा लिएको केन्द्रले जनाएको छ । एक महिनाको अवधिमा पुनर्जाँचका लागि ४ जना हिंसा पीडित केन्द्र पुगेका थिए । केन्द्रले विभिन्न प्रकारका हिंसाबाट पीडित भएका महिला, पुरुष तथा अल्पसंख्यकलाई हिंसाबाट मुक्त बनाउँदै आएको छ ।

एकद्वार संकट व्यवस्थापन केन्द्रको लक्षित समूहमा हरेक किसिमका लैङ्गिक हिसाबाट प्रभावित व्यक्तिहरु पर्दछन् । तेस्रोलिङ्गी समूह, लैङ्गिक हिंसा पीडित एकल महिला, अपाङ्गता भएका महिला, बालबालिका र ज्येष्ठ नागरिक महिला, सशस्त्र द्वन्द्व तथा प्राकृतिक विपद्का कारण हिंसामा परेका र पर्नसक्ने महिला वा बालबालिकाहरू र एचआईभी तथा एड्सबाट सङ्क्रमित भई लैङ्गिक हिंसाबाट प्रभावित महिला वा बालबालिकाहरू केन्द्रको लक्षित समूहको रुपमा रहेका छन् । गत आर्थिक वर्ष २०८०/०८१ मा केन्द्रले २ सय ९४ जना हिंसा पीडितलाई सेवा प्रदान गरेको थियो । एक वर्षको अवधिमा केन्द्रबाट २ सय ७८ जना महिला, १२ जना पुरुष र ४ जना अल्पसंख्यकले सेवा लिएका थिए ।

# सफल होटल...

पर्यटन भित्रिँदै गर्दा १० जनालाई अवसर को सिर्जना हुन्छ। त्यही एकलाई आतिथ्यता र सेवा प्रदान गरी सयौँलाई आकर्षण गर्न सक्नु नै होटल व्यवसायीको क्षमता वा गुण मानिन्छ ।

एक सफल होटल तथा पर्यटन व्यवसायीमा हुनुपर्ने केही गुण तथा विशेषतालाई यस प्रकार परिभाषित गरिएको छ ।

१) सफल होटल व्यवसायीमा पाहुनाको सेवा तथा आतिथ्यतामा केन्द्रित सोच हुनुपर्छ। हरेक पाहुना महत्वपूर्ण हुन्छन्, त्यसैले पाहुनाहरूको सन्तुष्टि, आवश्यकता र अपेक्षा बुझ्न सक्ने हुनुपर्छ ।

२) होटल व्यवसायमा विभिन्न फरक-फरक विभाग हुने गर्छन्, फरक फरक विभागको व्यवस्थापन गर्न धेरै कर्मचारी आवश्यक पर्छ, जसलाई सफलतापूर्वक व्यवस्थापन गर्न कुशल नेतृत्व क्षमता हुनुपर्छ ।

३) होटल व्यवसायमा हरेक दिन नयाँ-नयाँ चुनौती र समस्या आउने गर्छन्, अझै नेपालजस्तो विकासोन्मुख र अस्थिर राजनीतिक व्यवस्थाले ग्रसित मुलुकमा जटिलता धेरै हुने गर्छन्, समस्या देख्नासाथ त्यसबाट भाग्ने होइन कि समस्या समाधानको क्षमता राख्नुपर्छ ।

४) समय सबैका लागि उत्तिकै महत्वपूर्ण हुन्छ । एक सफल होटल व्यवसायीले समय, आन्तरिक स्रोत-साधन र जनशक्तिको प्रभावकारी व्यवस्थापन कौशलमा निपुण हुनुपर्छ ।

५) कुनै पनि व्यवसायलाई उचाइमा लैजानका निमित्त प्रस्तुति कलाको महत्त्व शब्दमा मात्र व्याख्या गरेर सकिँदैन । एक सफल होटल व्यवसायीले आफ्ना कर्मचारी, ग्राहक वर्ग, भेन्डर तथा सप्लायरहरू, साझेदार, छिमेकी र प्रतिस्पर्धीसँग समेत राम्रो सम्बन्ध बनाइराख्नका लागि प्रस्तुति एवं सञ्चार कलामा निपुण हुनुपर्छ ।

६) कुनै पनि व्यवसायीले आम्दानी, लगानी र त्यसबाट आउने मुनाफाको सही व्यवस्थापन गर्न सक्नुपर्र्छ, यी कुरालाई मिलाइराख्न एक सफल होटल व्यवसायीमा वित्तीय ज्ञान सधैँ महत्त्वपूर्ण हुने गर्छ ।

७) पर्यटनको विश्व बजारमा दिनानुदिन ठुल्ठुला परिवर्तन भइरहेका छन्। व्यवसायमा जसले फड्को मार्‍यो, उसले सम्बन्धित क्षेत्रमा राज गर्‍यो । विश्व बजारमा आइरहेका प्रविधिमध्ये होटल व्यवसायका क्षेत्रमा परिवर्तनहरू छिटो-छिटो हुने गर्छन्, नयाँ-नयाँ प्रविधि र दक्ष जनशक्तिको अभाव आजको जटिल चुनौती हो, एक सफल होटल व्यवसायीमा अवस्था अनुकूलको प्रविधि, प्रवृत्ति, प्रतिस्पर्धी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार मागको ज्ञान हुनु वा आफूलाई अनुकूलित बनाउन सक्नुपर्छ ।

८) होटल व्यवसायमा नौलो अनि फरक स्वाद र सेवाहरु प्रदान गर्नका लागि व्यवसायीहरुले नवीन सोच, रचनात्मक योजनाबाट ग्राहकलाई आकर्षित गर्न सक्नुपर्छ।

९) आज मानिसलाई आफूले इच्छाएको चिज, बिनाकुनै मिहिनेत, विनालगानी, विनाचुनौती सबैभन्दा छिटो र सजिलो ढंगले प्राप्त गर्नुपरेको छ, यस्तो सोचले समाजमा थुप्रै दुर्घटना निम्त्याएको हामीले देख्न सक्छौँ । एक सफल व्यवसायीलाई नजिकबाट नियाल्दा ऊभित्र लामो कथा, कहानी र धेरै किस्साका साथै सिङ्गो चलचित्र नै पाउन सक्छौँ, त्यस्तै एक सफल होटल व्यवसायीमा ठुल्ठुला चुनौती, समस्या, अप्ठेरो परिस्थिति र असफलतामा समेत आफूलाई टिकाउँदै अगाडि बढ्न सक्ने दृढ संकल्प र धैर्यता हुनुपर्छ ।

१०) हरेक पेसा वा व्यवसायलाई व्यवस्थापनका निमित्त समपर्ण आवश्यक हुन्छ । भनिन्छ, व्यवसाय मन्दिर हो भने ग्राहक त्यसका देवता हुन् । फूल, अक्षता र अर्पण सेवा हो भने प्रतिष्ठा त्यसको प्रसाद हो । होटल व्यवसाय धेरै समय र श्रम माग्ने पेसा अन्तर्गत पर्छ। त्यसैले एक सफल होटल व्यवसायी अत्यन्तै परिश्रमी, पेसाप्रति समर्पित र अनुशासित हुनुपर्छ ।

*(लेखक होटल व्यवसायी महासंघ नेपालका महासचिव तथा नेपाल उद्योग व्यापार महासंघका कोषाध्यक्ष हुन् । स्रोतः रातोपाटी)*

# तामाङ पत्रकार संघ मकवानपुरको अध्यक्षमा पुनः मोक्तान

समाज संवाददाता

हेटौंडाः तामाङ पत्रकार संघ मकवानपुरको अध्यक्षमा पुनः जयराम मोक्तान चयन हुनुभएको छ । शनिबार सम्पन्न संघको चौथो अधिवेशनबाट मोक्तान पुनः अध्यक्षमा सर्वसम्मत दोस्रो कार्यकालका लागि चयन हुनुभएको हो ।

मोक्तानको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति चयन भएको छ । समितिको उपाध्यक्षमा सन्देश थिङ, सचिवमा भुवन घलान, सह-सचिवमा रवीन्द्र वाईबा र कोषाध्यक्षमा जमुना थिङ चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा अञ्जना लामा, विवेक वाईबा, छ्योइसाङ सिन्तान र सशान तामाङ चयन हुनुभएको छ। बाँकी दुई जना सदस्यहरु कार्यसमितिको बैठकबाट मनोनित गर्ने अध्यक्ष मोक्तानले बताउनुभएको छ । नयाँ कार्यसमितिको कार्यकाल ३ वर्षको रहनेछ ।

अध्यक्ष मोक्तानको सभाध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा तामाङ पत्रकार संघ मकवानपुरका संस्थापक अध्यक्ष एवम् केन्द्रीय सदस्य आदर्श सिं थोकर, प्रदेश उपाध्यक्ष ज्ञानेन्द्र तामाङ, तामाङ घेदुङ संघ मकवानपुरका अध्यक्ष कालु घलान, उपाध्यक्ष माया लामा र सल्लाहकार सानु लामा दोङलगायतको आतिथ्य रहेको थियो ।

# वार्षिक उत्सवको अवसरमा रक्तदान

समाज संवाददाता

हेटौंडाः साहित्य सङ्गम मकवानपुरको ३५ औं वार्षिक उत्सवको अवसरमा रक्तदान कार्यक्रम भएको छ । शनिबार विहान हेटौंडा उपमहानगर पालिका-६ स्थित कृष्ण प्रणामी मन्दिरमा भएको कार्यक्रममा १९ जनाले रक्तदान गरेका हुन् ।

कार्यक्रममा ५ जना महिला र १४ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । रक्तदान कार्यक्रममा साहित्य सङ्गमका अध्यक्ष डीबी बर्तौलाको अध्यक्षता रहेको थियो ।

कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । यसैगरी, भदौ ८ गते हेटौंडा-४ स्थित कृष्ण प्रणामी मन्दिरमा रक्तदान कार्यक्रम हुने भएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# ३ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको दुई जिल्लामा एकै दिन ३ जना मृत फेला परेका छन् । प्रदेशको सिन्धुपाल्चोक र धादिङ जिल्लामा एकैदिन ३ जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङ्पाल गाउँपालिका-३, छिम्ति दोभानमा एक जना पुरुषको शव फेला परेको छ । शनिबार दिउँसो १२ बजेर ४० मिनेटको समयमा छिम्ती खोलाको किनारमा शव फेला परेको प्रहरीले जनाएको छ । शव सडि गलेको अवस्थामा फेला परेको थियो। मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि नगर अस्पताल मेलम्ची लगिएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सिन्धुपाल्चोक जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका-३, दावीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा जात्राथली बस्ने ५५ वर्षीय मानबहादुर बस्नेत रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार बिहान १० बजेको समयमा भोटेकोशी नदीको किनारमा बस्नेत मृत अवस्थामा फेला परेका थिए । बस्नेत साउन २३ गतेदेखि आफ्नै घरबाट हराई बेपत्ता भएको प्रहरीले जानकारी दिएको छ ।

धादिङ जिल्लाको सिद्धलेख गाउँपालिका-६, सिद्धलेख फुर्के खोलामा एक जना महिला मृत फेला परेकी छन् । शनिबार बिहान ८ बजेर ३५ मिनेटको समयमा त्रिशुली नदीमा हाम्फाली अन्दाजी ५० वर्षीया महिला बेपत्ता भएको प्रहरीले जानकारी दिएको छ ।

बेपत्ता महिलालाई खोजतलास गर्दै जाँदा सोहि दिन बिहान ११ बजेको समयमा रोराङ गाउँपालिका-३, मलेखु हिल्टपस्थित घुमाउनेमा पानीमा तैरिइरहेको अवस्थामा मृत फेला परेकी थिइन् । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि काठमाडौंस्थित टिचिङ अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

# विद्युत् प्राधिकरणको ३९ औं वार्षिक उत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः नेपाल विद्युत् प्राधिकरणको ३९ औं वार्षिक उत्सव सम्पन्न भएको छ। प्राधिकरणको बागमती प्रदेश डिभिजन कार्यालय हेटौंडाले विविध कार्यक्रम गरेर वार्षिक उत्सव सम्पन्न गरेको हो ।

शनिबार प्राधिकरणको प्रदेश डिभिजन कार्यालय हेटौंडाका प्रमुख मनोज कुमारको सभाध्यक्षमा ३९ औं वार्षिक उत्सव कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमअन्तर्गत साउन १५ गते वृक्षरोपण कार्यक्रम भएको थियो। साउन १९ र २० गते व्याडमिन्टन प्रतियोगिता गरिएको थियो । साउन २५ गते वृहत् रक्तदान कार्यक्रम गरिएको थियो भने साउन २५ र २६ गते बुद्धिचाल तथा क्यारेमबोर्ड प्रतियोगिता भएको थियो ।

वार्षिक उत्सव समापन कार्यक्रममा विभिन्न प्रतियोगिताका विजेताहरुलाई शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरिएको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत भरत भण्डारीले जानकारी दिनुभएको छ । सो अवसरमा रक्तदान कार्यक्रममा रक्तदान गर्नेहरुलाई प्रशंसापत्र प्रदान गरेको प्रशासकीय अधिकृत भण्डारीले बताउनुभयो । यस्तै, वार्षिक उत्सवकै अवसरमा प्राधिकरणका कर्मचारीहरुबीच चम्चा-गुच्चा दौंड, म्युजिकल चेयर र घैंटो फुटाउने प्रतियोगिता भएको थियो ।

प्रतियोगितामा विजेता बन्नेहरुलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ भने वितरण केन्द्रहरुलाई पनि प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रममा कुलेखानी जलविद्युत् केन्द्र र डिभिजन कार्यालयअन्तर्गतका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# ६ प्रतिशत बढ्यो रोपाइँ

काठमाडौंः यो वर्षको धान रोपाइँ लगभग सकिएको छ। कृषि मन्त्रालयका अनुसार देशभरि २ भदौसम्म रोपाइँ करिब सकिएको हो ।

साउन सकिँदासम्म देशभरि कुल रोपाइँ हुने क्षेत्रफलको ९८.४ प्रतिशतमा धान रोपिएको कृषि मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार १३ लाख ९ हजार ९५ हेक्टर रोपाइँ हुने क्षेत्रमध्ये १३ लाख ७७ हजार २ सय १६ हेक्टरमा सकिएको हो ।

मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसीका अनुसार कोशी प्रदेश बाहेक सबै प्रदेशमा रोपाइँ सकिएको हो । केसीका अनुसार गत वर्षभन्दा यो वर्ष ६ प्रतिशतले रोपाइँ बढेको छ।१ भदौसम्म गत वर्ष ९२.४ प्रतिशत रोपाइँ भएको थियो ।

क्षेत्रफलका आधारमा यो वर्ष सबैभन्दा धेरै रोपाइँ मधेश प्रदेशमा भएको छ। ३ लाख ८६ हजार १ सय ५० हेक्टर रोपाइँ हुने क्षेत्रफल रहेको मधेश प्रदेशमा ३ लाख ७५ हजार ६ सय १४ हेक्टरमा रोपाइँ भएको हो । जुन ९७.३ प्रतिशत हो । जबकि गत वर्ष १४.७ प्रतिशत कम अर्थात् ८२.६ प्रतिशत मात्रै रोपाइँ भएको थियो । मधेश प्रदेशपछि सबैभन्दा धेरै ३ लाख ११ हजार ६ सय ४३ हेक्टर धान खेती हुने क्षेत्र रहेको लुम्बिनी प्रदेशमा ३ लाख ६ हजार ३ सय ७७ हेक्टरमा रोपाइँ भएको छ। कोशी प्रदेशमा २ लाख ७३ हजार ८ सय ७३ हेक्टर रोपाइँ भएको छ। सुदूरपश्चिम प्रदेशमा भने शतप्रतिशत अर्थात् १ लाख ७४ हजार ५ सय १ हेक्टरमा रोपाइँ भएको छ । बागमती प्रदेशमा १ लाख ११ हजार ३ सय ५१ हेक्टरमा रोपाइँ भएको छ । गण्डकी प्रदेशमा ९३ हजार ९ सय २१ हेक्टरमा रोपाइँ भएको हो। कर्णालीमा भने ४१ हजार ५ सय ७८ हेक्टरमा रोपाइँ भएको छ । कृषि मन्त्रालय प्रवक्ता केसीका अनुसार यो वर्ष नेपालमा धान उत्पादन बढ्ने अनुमान गरिएको छ । गत वर्ष धान सिजन सुरुवातमै पानी र मलको समस्या थियो । त्यसले पनि उत्पादन राम्रो नभएको उनको तर्क छ ।

*(स्रोतः अनलाइनखबर)*

Government of Bagmati Province
Ministry of Health
Health Logistics Management Center, Hetauda

**Invitation for Sealed Quotation**

*Date of publication: 2081/05/02 (18th August 2024)*

The Health Logistics Management Center invites electronic Sealed Quotation from eligible bidders for the procurement of following goods under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.Eligible Bidders may obtain further information at the office of Health Logistics Management Center,Hetauda, Nepal, Phone No: 977-057520547, e-mail address: info.hlmc@bagamati.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| IFB.No: | Description of Items | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Bid Security Validity |
| --- | --- | --- | --- | --- | --- |
| HLMC/G/SQ-01/2081-82 | Procurement of Dengue and scrub Typhus Test Kit | As per Bid | 50,000.00 | 1000.00 | 2081/08/01 (16th November 2024) |

**Director**

# यु-१७ को बन्द प्रशिक्षणमा मकवानपुरका पाँच खेलाडी

समाज संवाददाता

हेटौंडाः यु-१७ को बन्द प्रशिक्षणमा मकवानपुरका ५ जना खेलाडी छनोट भएका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) ले सार्वजनिक गरेको ४२ जनाको टोलीमा मकवानपुरका ५ जना खेलाडी छनौट भएका हुन् ।

बन्द प्रशिक्षणका लागि बोलाइएको ४२ जना खेलाडीहरुको नाम शनिबार एन्फाले सार्वजनिक गर्दा मकवानपुरका ५ जना खेलाडीहरु छनोट भएका हुन् । छनोट हुनेहरुमा मकवानपुरबाट गोलरक्षक विशेष बानियाँ, मिडफिल्डर प्रमीत खत्री, डिफेन्डर भुवन कामी, फरवार्ड सन्तोष गोङ्वा र डिफेन्डर उप्रान्त आले मगर रहेका छन् । गोलरक्षक बानियाँ र फरवार्ड गोङ्वा एनआरटी क्लबमा आवद्ध छन् भने मिडफिल्डर खत्री जाउलाखेल युथ क्लब, भुवन त्रिभुवन आर्मी क्लब र उप्रान्त थ्रीस्टार क्लबमा आवद्ध छन् ।

बागमती गाउँपालिकाका उप्रान्त आले मगर देवकी माध्यमिक विद्यालयमा अध्यन्तरत विद्यार्थी हुन् । सन्तोष, विशेष र भुवन गतवर्षको यु-१६ को साफ च्याम्पियनसीप प्रतियोगितामा सहभागी भएका थिए । काठमाडौंको ल्याबोरेटरी स्कूलबाट कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण गरेका विशेष ३ वर्षदेखि एन्फाको युथ परियोजनाअन्तर्गत न्युरोड टिम (एनआरटी)को युथ एकेडेमीमा आवद्ध खेलाडी हुन् ।

हेटौंडा-१९ घर भएका सन्तोष हेटौंडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनमा कक्षा १० मा अध्ययनरत थिए । लिगको पहिलो खेलमा त्रिभुवन आर्मी फुटबल क्लबको युथ-१६ टिमलाई एनआरटीले ५-१ गोलअन्तरले पराजित गरेको थियो । उक्त खेलमा पाँच गोल नै सन्तोषले गरेर खेलको म्यान अफ द म्याच बन्न सफल भएका थिए । सन्तोषले पाँच गोल गर्दै ह्याट्रिक पूरा गरेर टप स्कोरर समेत बन्न सफल भएका थिए ।

सात वर्षको उमेरमा बिजुलीको ट्रान्सफर्मरमा परेर नयाँ जीवन पाएका भुवनको बाल्यकाल दुःखमा बितेको छ । भुवन करिब चार वर्षदेखि एन्फाको युथ परियोजनाअन्तर्गत त्रिभुवन आर्मी युथ एकेडेमीमा आवद्ध खेलाडी हुन् । उनले विद्यालयस्तरीय सैनिक कप प्रतियोगितामा इमर्जिङ खेलाडीको उपाधि जित्न सफल भएका थिए ।

एन्फाले सुरु गरेको बन्द प्रशिक्षणमा सहभागी भएका खेलाडीहरुमध्ये २३ जनाको नाम सार्वजनिक गरेर उनीहरुलाई यु-१७ को राष्ट्रिय प्रतियोगितामा सहभागी गराइनेछ । करिब ३ सातासम्म सञ्चालन हुने बन्द प्रशिक्षणमा सहभागी खेलाडीहरुमध्ये पहिलो चरणमा ३० जनाको नाम सार्वजनिक गरेर प्रारम्भीक सूचीमा २३ जना खेलाडीहरुलाई राखेर यु-१७ को प्रतियोगितामा सहभागी गराइनेछ । यु-१७ को प्रतियोगिता अक्टोभर महिनामा हुनेछ ।

नेपाल भरीबाट छनोट प्रतियोगितामा करिब ५ सय जनाको हाराहारीमा खेलाडीहरु सहभागी भएको एन्फाका टिम व्यवस्थापक विजेन्द्र पुडासैनीले बताउनुभएको छ । उहाँका अनुसार खेलाडीहरुबीच प्रतिस्पर्धा गराएर राम्रो खेलाडीहरुलाई छनोट गर्दै बन्द प्रशिक्षणमा ४२ जनालाई सहभागी गराइएको हो । खेलाडीहरुलाई एन्फा कम्प्लेक्समा गोलरक्षक कोच प्रविन श्रेष्ठ, हेडकोच सन्तोष श्रेष्ठ, धनेस प्रजापतिले प्रशिक्षण दिइरहनुभएको छ ।

# अस्पताल र पीडित परिवारबीच सहमति

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१ स्थित मकवानपुर सहकारी अस्पताल र पीडित परिवारबीच आन्तरिक सहमतिपछि परिवारले शव बुझेका छन् । आइतबार बेलुकासम्म भएको वार्तापछि दुई पक्षबीच सहमति जुटेको हो ।

आइतबार अस्पताल प्रशासन र डाक्टरको लापरबाहीका कारण हेटौंडा-१६ स्थित हटियाका १ वर्षीय बालकको मृत्यु भएपछि अस्पतालमा तनाव सिर्जना भएको थियो । बालकको मृत्यु भएपछि पीडित पक्षले प्रशासन र डाक्टरको लापरबाहीले आफ्नो बालकको मृत्यु भएको भन्दै शव बुझ्न मानेका थिएनन् । वार्तामा अस्पताल प्रशासनले व्यवस्थापनमा आफूहरुको केही कमजोरी भएको स्वीकार गरको छ । बिरामीलाई अस्पतालमा उपचारका क्रममा लागेको खर्च व्यहोर्न नपर्ने सहमति भएको जनाइएको छ ।

मृतक बालकका बुबा अनिल श्रेष्ठका अनुसार तीन दिन अगाडि शुक्रबार घरबाट ज्वरो आउनुको साथै मुखमा सानो घाउ आएपछि बालकलाई अस्पताल ल्याइएको थियो । अस्पतालले बिरामी बालकलाई आईसीयुमा राखेर ४-५ दिनपछि डिस्चार्ज गर्छु र अवस्था सामान्य भएको भनी भनेको थियो । उपचारका क्रममा डाक्टर तथा नर्सहरु समयमा औषधि चढाउन नआउने र बोलाउँदासमेत बेवास्ता गरेको उहाँको भनाइ छ । पीडित पक्षले डा. हरिबहादुर खड्काले लापरबाही गरेको आरोप लगाएका थिए ।

## साहित्य संगमको ३५ औं सन्ध्या दिवस सम्पन्न

# ५ जना साहित्यकार सम्मानित




*साहित्य संगमको ३५ औं सन्ध्या दिवस अवसरमा सम्मानित हुने ५ जना श्रष्टा ।*

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरले ५ जना स्रष्टालाई सम्मान गरेको छ । आइतबार साहित्य संगम मकवानपुरको ३५ औं सन्ध्या दिवसको अवसरमा आयोजित संयुक्त कविता वाचन तथा सन्ध्या सम्मान कार्यक्रममा ५ जना स्रष्टालाई सम्मान गरेको हो ।

संगमका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षमा तथा साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो । बाल साहित्य क्षेत्रमा छोटो समयमा आफ्नो सिर्जनामार्फत् परिचित हुन सफल हेटौंडा-१० स्थित तुलसीमेहर बोर्डिङकी छात्रा अनुसूया खनाल, समकालीन नेपाली कविताको क्षेत्रमा बलशील कविको छवि बनाउन सफल साहित्यकार प्रतिमा पाठक, सुवास खनाल र साम्ब ढकाललाई सम्मानपत्रसहित सम्मानित गरिएको छ ।

यस्तै, साहित्य संगम मकवानपुरले हरेक महिनाको दोस्रो शनिबार अयोजना गर्दै आएको नियमित साहित्य सन्ध्यामा यो वर्ष सबैभन्दा बढी उपस्थित भएर साहित्यको विकास र विस्तारमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै साहित्य सन्ध्या सम्मान २०८१ बाट चेतप्रसाद पौडललाई सम्मान गरिएको छ ।

कार्यक्रममा सम्मानित स्रष्टाहरुले कविता वाचन गरेका छन् । अनुसूया खनालले बिचरी चरी, मेरो गाउँ र मेरो आमा शीर्षकमा रचना वाचन गर्नुभयो भने प्रतिमा पाठकले पनि ३ शीर्षकमा रचना वाचन गनुभएको थियो । उहाँले बुद्ध, बाँकी अर्को पटकलगायत शीर्षकमा कविता वाचन गर्नुभएको हो ।

सुवास खनालले कलेज एक यातना शिविर, ओझनको ओझन र राहत शीर्षकमा कविता वाचन गर्नुभएको छ । यस्तै, साम्बा ढकालले अन्तराल र फटपाट संगम शरणम् गच्छामी शीर्षकको कविता वाचन गर्नुभएको छ । चेतप्रसाद पौडेलले पनि कविता वाचन गर्नुभएको छ ।

साहित्य संगम मकवानपुरले वार्षिक उत्सवको अवसरमा आइतबार बिहान संगमको सभाहलमा रक्तदान कार्यक्रमको पनि आयोजना गरेको थियो । कार्यक्रममा १९ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा विभिन्न साहित्य क्षेत्रमा आवद्ध पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# बकैया फुटबल प्रतियोगिताः आइतबार तीन खेल सम्पन्न

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा जारी ९ ए साइड फुटबल प्रतियोगिताअन्तर्गत् शुक्रबार तीन खेल सम्पन्न भएको छ । सिमातमाई डाँफे युवा क्लबको आयोजनामा बकैया-५ स्थित भडौरामा जारी प्रतियोगितामा आइतबार पहिलो चरणको खेल सम्पन्न भएको हो ।

प्रतियोगिताअन्तर्गत आयोजक सिमातमाई डाँफे युवा क्लब बी ले कान्द्राङ एफसीलाई १-० गोलले हराएको छ । आइतबार भएको दोस्रो खेलमा सिर्जना युवा क्लबलाई ४-२ गोलले हराउँदै दैदमार एकान्त बस्ती क्लबले विजयी सुरुवात गरेको छ । आइतबारको तेस्रो तथा दोस्रो चरणको पहिलो खेलमा ठूलोदमार एफसीलाई १-० गोलले हराउँदै हातेमालो एफसीले विजयी सुरुवात गरेको छ । भदौ ८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# साउनमा करिब ५ लाख राजस्व संकलन

समाज संवाददाता

हेटौंडाः आन्तरिक राजस्व कार्यालय हेटौंडाले चालु आर्थिक वर्षको साउन महिनामा लक्ष्यभन्दा कम राजस्व संकलन गरेको छ । आइतबार साउन महिनाको राजस्व विवरण सार्वजनिक गर्दै कार्यालयले लक्ष्यभन्दा कम ७९ प्रतिशत राजस्व संकलन गरेको जनाएको हो ।

कार्यालयले साउन महिनामा ६ लाख ३२ सय ३५ रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा ४ लाख ७७ हजार २ सय ६४ रुपैयाँ संकलन गरेको छ । जसमा आयकर १ लाख २१ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य लिएकोमा ६४ हजार ४ सय ९४ रुपैयाँमात्र संकलन भएको छ । भाडाकर ९ सय ७८ रुपैयाँमात्र संकलन गरेको छ ।

यस्तै, अन्त शुल्क (आन्तरिक) तर्फ २ लाख ८३ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य लिएकोमा २ लाख ६९ हजार ७ सय ११ रुपैयाँ संकलन भएको छ । मूल्य अभिवृद्धि कर (भ्याट) १ लाख ४३ हजार संकलन गर्ने लक्ष्य लिएकोमा ८१ हजार १ सय २५ रुपैयाँमात्र संकलन भएको छ । स्वास्थ्य सेवातर्फ ३२ हजार १ सय ८२ रुपैयाँ संकलन गर्ने लक्ष्य लिएकोमा ४७ हजार ६ सय २० रुपैयाँ संकलन गरेको छ ।

# अवैध मदिरा बरामद

समाज संवाददाता

हेटौंडाः बारा प्रहरीले ४ सय लिटर अवैध मदिरा बरामद गरी नियन्त्रणमा लिएको छ । शनिबार साँझ ७ बजेर ३० मिनेटको समयमा इलाका प्रहरी कार्यालय जीतपुर सीमरा उपमहानगरपालिकाले जीतपुरबाट अवैध मदिरा नियन्त्रणमा लिएको हो ।

जीतपुर सीमरा उपमहानगरपालिका नम्बर-७, पथलैबाट वीरगञ्जतर्फ आउँदै गरेको ना ५ ख ८७८९ नम्बरको यात्रुबाहक बसलाई रोकी चेकजाँच गर्दा डिक्कीमा लुकाइछिपाई राखेको २५ पोका अन्दाजी .४ सय लिटर अबैध घरेलु मदिरा बरामद गरेको हो । करिब ६० हजार रुपैयाँ बराबरको मदिरा नियन्त्रणमा लिई आवश्यक कारवाही अगाडि बढाएको बारा प्रहरीले जानकारी दिएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# गाईजात्राको अवसरमा मंगलबार सार्वजनिक विदा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले गाईजात्राको अवसरमा मंगलबार सार्वजनिक विदा दिने निर्णय गरेको छ । आइतबार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले एक सूचना जारी गर्दै नेवार समुदायले ऐतिहासिक तथा धार्मिकरुपमा मनाउने गाईजात्रा पर्वको अवसरमा प्रदेशभर सार्वजनिक विदा दिने निर्णय गरेको हो ।

शुक्रबार बसेको बैठकले भदौ ४ गते (मंगलबार) गाईजात्राको अवसरमा प्रदेशभर सार्वजनिक विदा दिने निर्णय गरेको थियो । प्रदेश सरकारी कामकाजी भाषा ऐन २०८० अनुसार सार्वजनिक विदा दिने निर्णय गरेको हो ।

ऐनले गाईजात्रा पर्वमा हरेक वर्ष विदा दिने व्यवस्था गरेको छ । उक्त निर्णयसँगै बागमती प्रदेशमा भदौ ४ गते गाईजात्राको दिन सार्वजनिक संस्थान, विद्यालय, निजी संघसंस्थाहरु बन्द रहनेछन् ।

# शुल्क वृद्धि निर्णय खारेज गर्न ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वयवियु) हेटौंडा क्याम्पस कमिटीले क्याम्पसले शुल्क वृद्धि गरेको भन्दै ध्यानाकर्षण गराएको छ । शुल्क वृद्धिका कारण विद्यार्थीहरूलाई अनावश्यक आर्थिक भार थप्ने र विद्यार्थीहरुको शैक्षिक जीवनमा नकारात्मक असर पार्ने सम्भावना देखिएकाले अनेरास्ववियु क्याम्पस कमिटीले ध्यानाकर्षणपत्र बुझाएको हो ।

अनेरास्ववियु क्याम्पस कमिटी अध्यक्ष अभि मैनालीले हस्ताक्षर गरेको ध्यानाकर्षणपत्र क्याम्पस प्रमुख देवीराम लामालाई बुझाएको हो । क्याम्पस प्रशासनले गरेको शुल्क वृद्धिसम्बन्धी निर्णयका कारण दूर दराज र निम्न आय भएका विद्यार्थीहरूलाई गम्भीर आर्थिक समस्यामा पार्ने सम्भावना देखिएको बताइएको छ ।

अनेरास्ववियु सदैव सामाजिक न्याय, समानता र संविधानले सुनिश्चित गरेको अधिकारका पक्षमा दृढ रहेकाले हेटौंडा क्याम्पसमा अध्यनरत विद्यार्थीहरुको समस्या आफ्नो समस्या भएको बताइएको छ । क्याम्पसभित्र हुने बेथिति विसंगति र अराजकता विरुद्ध विद्यार्थीहरुको आवाजलाई बुलन्द गर्न र सम्बन्धित निकायलाई खबरदारी गर्नुका साथै हरेक परिस्थितिमा डटेर समस्या सामना गर्न तप्तर रहेको अनेरास्वबियुद्वारा बुझाइएको ध्यानाकषणपत्रमा उल्लेख गरिएको छ ।

क्याम्पस प्रशासनलाई शुल्क वृद्धिको विषयमा समयमै कदम चाल्न र शुल्क वृद्धि निर्णय फिर्ता गर्न अनुरोध गरेको छ । विद्यार्थीको हक र हितका लागि ध्यानाकर्षण गराउँदै संगठनले अघि सारेको माग पूरा नगरेमा शान्तिपूर्ण आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिइएको छ । संगठनमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थितिमा ध्यानाकर्षणपत्र बुझाइएको थियो ।

Admission Open !!!
+2 Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
} TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७






समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ